# अर्थ बुलेटिन

वर्ष २ अंक १

श्रावण, २०७७

## नेपाल सरकार
## अर्थ मन्त्रालय



## सम्पादकीय

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ को संक्रमणबाट मुलुकको अर्थतन्त्र प्रभावित भएकोले आर्थिक वर्ष २०७७/७८ को श्रावण महिनाका आर्थिक परिसूचकहरू मिश्रित रहेका छन्। वैदेशिक सहायता प्रतिवद्धतामा वृद्धि भएको छ। भन्सारविन्दुमा संकलन हुने राजस्व संकलनमा कमी आएको भएता पनि आन्तरिक राजस्व तर्फ आयकर तथा मूल्य अभिवृद्धि कर संकलनमा केही सुधार भएकोले श्रावण महिनाको राजस्व संकलन उत्साहजनक नै रहयो। आर्थिक वर्षको पहिलो महिनामा संघीय सरकारको कुल खर्चमा भने गिरावट आएको छ।

निर्यातमा सामान्य वृद्धि भएको छ भने आयातमा गिरावट आएको कारण कुल वस्तु व्यापारमा निर्यातको अंश वृद्धि भएको छ। विप्रेषण आप्रवाहमा सामान्य गिरावट आएता पनि चालु खाता घाटा, शोधनान्तर स्थिति र विदेशी मुद्रा सञ्चितिमा उल्लेख्य सुधार भएको छ। बैंक तथा वित्तीय क्षेत्रको निक्षेप र निजी क्षेत्रमा प्रवाह हुने कर्जा दुवै वृद्धि भएको छ।वित्तीय प्रणालिमा तरलता बढेको छ। ब्याजदर घट्ने क्रममा छ।

आर्थिक वर्ष २०७७/७८ को बजेट कार्यान्वयन प्रकृया शुरु भईसकेकोले आर्थिक कृयाकलापको बिस्तार हुँदैजाने अपेक्षा गरिएको छ।


**प्रकाशन तथा सम्पादन**
आर्थिक नीति विश्लेषण महाशाखा
सिंहदरवार, काठमाडौं

## मुलुकको वर्तमान आर्थिक परिदृष्य

### संघीय सरकारी खर्च

आर्थिक वर्ष २०७७/७८ को श्रावण महिनामा संघीय सरकारको कुल खर्च गत आर्थिक वर्षको सोही अवधिको कुल खर्च रु. ४ अर्ब २८ करोडको तुलनामा ५३.९ प्रतिशतले कमी आई रु. १ अर्ब ९८ करोड पुगेको छ। कुल खर्च मध्ये चालु खर्च रु. १ अर्ब ७३ करोड, पूँजीगत खर्च १३ करोड र वित्तीय व्यवस्था तर्फ रु. १२ करोड रहेको छ। कोभिड-१९ को संक्रमण नियन्त्रण, रोकथाम तथा उपचारको लागि सरकारबाट अवलम्बन गरिएका उपायहरू- बन्दाबन्दी, निषेधाज्ञाका कारण विकास निर्माणका कार्यहरू नियमित र पूर्व लक्ष्यित रुपमा हुन नसकेकोले पूँजीगत खर्च कम भएको छ।

**चार्ट (क): पछिल्लो ५ वर्षको श्रावण महिनाको खर्चको प्रवृत्ति (रु. करोडमा)**





स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय।

### राजस्व परिचालन

आर्थिक वर्ष २०७७/७८ को श्रावण महिनामा संघीय सरकारको कुल राजस्व गत आर्थिक वर्षको सोही अवधिको कुल राजस्व रु. ६६ अर्ब ८६ करोडको तुलनामा १२.० प्रतिशतले कमि आई रु. ५८ अर्ब ८२ करोड रहेको छ। कुल राजस्वमा कर राजस्व रु. ५६ अर्ब ५६ करोड र गैरकर राजस्व रु. २ अर्ब २६ करोड रहेको छ। साथै यस अवधिमा अन्य आम्दानी तर्फ रु. ७ अर्ब ८१ करोड प्राप्ति भएको छ। अन्य प्राप्ति सहित कुल राजस्व रु. ६६ अर्ब ६३ करोड रहेको छ।


**चार्ट (ख): पछिल्लो ५ वर्षको श्रावण महिनाको राजस्व परिचालनको प्रवृत्ति (रु. करोडमा)**





स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय।

**चार्ट (ग): आर्थिक वर्ष २०७६/७७ र २०७७/७८ को श्रावण महिनाको राजस्व संकलनको संरचना**

आर्थिक वर्ष २०७७/७८ को श्रावण महिनाको कुल राजस्व संकलनमा मूल्य अभिवृद्धि करको हिस्सा सबैभन्दा बढी ३६ प्रतिशत रहेको छ भने गत वर्षको राजस्व संकलनमा यस्तो हिस्सा ३८ प्रतिशत रहेको थियो। यसैगरी, गत वर्षको श्रावण महिनाको राजस्व संकलनमा आयकरको हिस्सा २३ प्रतिशत रहेकोमा चालु आर्थिक वर्षको सोही अवधिमा संकलन भएको कुल राजस्वमा आयकरको हिस्सा २९ प्रतिशत पुगेको छ। गत वर्ष कुल राजस्वमा गैरकरको हिस्सा ५ प्रतिशत रहेको थियो भने चालु आ.व. को श्रावण महिनामा यस्तो हिस्सामा केही कमी आई ४ प्रतिशत रहेको छ ।




२०७६/७७




२०७७/७८

**तालिका (क): राजस्व लक्ष्य र असुली‍को विवरण** **(रू. अर्बमा)**

| कर शीर्षक | आ.व.२०७७/७८ को वार्षिक लक्ष्य | श्रावण महिनाको राजस्व असुली | | प्रतिशत परिवर्तन |
|---|---|---|---|---|
| | | आ.व. २०७६/७७ | आ.व.२०७७/७८ | |
| **भन्सार महशुल** | **१९३.५५** | **११.२९** | **१०.१२** | **-१०.३** |
| **मूल्य अभिवृद्धि कर** | **३०२.१७** | **२५.३०** | **२०.९०** | **-१७.४** |
| उत्पादन, बिक्री, सेवा | ११२.०४ | १४.०१ | १२.४५ | -११.१ |
| पैठारी | १९०.१३ | ११.२९ | ८.४५ | -२५.२ |
| **अन्तःशुल्क** | **१५५.५०** | **९.१९** | **७.६२** | **-१७.१** |
| आन्तरिक उत्पादन | ९८.९२ | ५.५९ | ५.४४ | -२.६ |
| पैठारी | ५६.५८ | ३.६० | २.१७ | -३९.७ |
| **आयकर** | **२३८.०४** | **१५.८१** | **१७.१२** | **८.३** |
| आयकर | २१५.०३ | ११.४८ | १२.१४ | ५.८ |
| ब्याज कर | २३.०१ | ४.३३ | ४.९८ | १५.० |
| **अन्य कर** | **२३.६८** | **१.८५** | **०.८०** | **-५६.८** |
| **कर राजस्व जम्मा** | **९१२.९५** | **६३.४४** | **५६.५६** | **-१०.८** |
| **गैर कर जम्मा** | **९८.८१** | **३.४२** | **२.२६** | **-३३.९** |
| **कूल राजस्व जम्मा** | **१०११.७६** | **६६.८५** | **५८.८२** | **-१२.०** |
| **अन्य प्राप्ति** | **०.००** | **७.०४** | **७.८१** | **११.०** |
| **जम्मा राजस्व/प्राप्ति** | **१०११.७६** | **७३.८९** | **६६.६२** | **-९.८** |

#अन्य कर शीर्षकमा पूर्वाधार सेवाको उपयोग, सडक मर्मत तथा सुधार दस्तुर, सडक निर्माण तथा सम्भार शुल्क र शिक्षा सेवा शुल्क मात्र समावेश गरिएको छ।

स्रोतः अर्थ मन्त्रालय।

## करको दायरा विस्तार

२०७७ श्रावणसम्म स्थायी लेखा नम्बर लिने करदाताको कुल संख्या ३३ लाख ८९ हजार ९ सय १३ पुगेको छ। यस अवधिमा दर्ता भएका कुल करदातामध्ये व्यवसायिक स्थायी लेखा नम्बर लिने करदाता १३ लाख ७४ हजार ४ सय ५६ तथा व्यक्तिगत स्थायी लेखा नम्बर लिने करदाता २० लाख १० हजार १ सय ३४ पुगेका छन्। यसैगरी मूल्य अभिवृद्धि करमा दर्ता भएका करदाता २ लाख ५९ हजार ८ सय २१ र अन्तःशुल्कमा दर्ता हुने करदाताको सङ्ख्या ९७ हजार १ सय ३९ पुगेको छ।

चालु आर्थिक वर्षको श्रावणमा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा स्थायी लेखा नम्बर लिने करदाताको संङ्ख्या ८१.९ प्रतिशतले घटेको छ। त्यस्तै मूल्य अभिवृद्धि करमा दर्ता हुने करदाताको सङ्ख्या ६४.१ र अन्तशुल्कमा दर्ता हुने करदाताको सङ्ख्या ४८.५ प्रतिशतले घटेको छ।

**तालिका (ख): व्यक्तिगत तथा व्यवसायिक स्थायी लेखा नम्बर लिएका करदाताको विवरण**

| दर्ताको प्रकार | २०७७ असारसम्म | २०७६/७७ को श्रावणसम्ममा थप | २०७७/७८ को श्रावणसम्ममा थप | वृद्धि/ह्रास (प्रतिशतमा) | हालसम्मको जम्मा |
|---|---|---|---|---|---|
| व्यवसायिक स्थायी लेखा नम्बर BPAN) | १३५८९३४ | ३६६३५ | १५५२२ | -५७.६३ | १३७४४५६ |
| व्यक्तिगत स्थायी लेखा नम्बर (PPAN) | १९७३४५२ | २५३२४७ | ३६६८२ | -८५.५२ | २०१०१३४ |
| करकट्टी गर्ने निकायले लिएको स्थायी लेखा नम्बर (WPAN) | ५१०६ | ३६७ | २१७ | -४०.८७ | ५३२३ |
| जम्मा स्थायी लेखा नम्बर | ३३३७४९२ | २९०२४९ | ५२४२१ | -८१.९४ | ३३८९९१३ |
| मू.अ.कर | २५५९६३ | १०७३९ | ३८५८ | -६४.०७ | २५९८२१ |
| अन्तः शुल्क | ९४२९२ | ५५२९ | २८४७ | -४८.५१ | ९७१३९ |

स्रोतः आन्तरिक राजस्व विभाग ।

#स्थायी लेखा नम्बरको दर्ता खारेजी पछि कायम भएको सङ्ख्या मात्र समावेश गरिएको।

## वैदेशिक सहयोग तथा सार्वजनिक ऋण

आर्थिक वर्ष २०७७/७८ को श्रावण महिनामा वैदेशिक सहायता प्रतिवद्धतामा उल्लेख्य वृद्धि भई रु. ५४ अर्ब ९४ करोड पुगेको छ। यसमध्ये अनुदान सहायता करिब रु.९४ करोड र ऋण सहायता रु. ५४ अर्ब रहेको छ। वैदेशिक सहायता प्रतिवद्धतामा अनुदान र ऋणको अंश क्रमशः १.७ प्रतिशत र ९८.३ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको श्रावण महिनामा यस्तो सहायता रकम रु. ९५ करोड रहेको थियो। जसमा सत प्रतिशत हिस्सा अनुदानको रहेको थियो।

आर्थिक वर्ष २०७७/७८ को श्रावण महिनामा वैदेशिक सहायता प्राप्ति रु. २ अर्ब ४८ करोड ६२ लाख रहेको छ। यसरी प्राप्त भएको सहायतामा सतप्रतिशत रकम ऋण सहायता रहेको छ।

आर्थिक वर्ष २०७७/७८ को श्रावण महिनासम्म संघीय सरकारको तिर्न बाँकी खुद सार्वजनिक ऋण रू. १३ खर्ब ७२ अर्ब ५९ करोड रहेको छ। यस मध्ये आन्तरिक ऋण रू. ६ खर्ब १३ अर्ब २१ करोड र वैदेशिक ऋण रू. ७ खर्ब ५९ अर्ब ३८ करोड रहेको छ। चालु आर्थिक वर्षको पहिलो महिनामा संघीय सरकारले आन्तरिक ऋण तर्फ रु. ३० करोड ४४ लाख बराबरको ब्याज भुक्तानी गरेको छ। त्यसैगरी, बाह्य ऋणतर्फ सावाँ रु ६० करोड ५ लाख र ब्याज रू. २८ करोड ८१ लाख गरी कुल रु. १ अर्ब १९ करोड ३० लाख रकम भुक्तानी गरेको छ।

## वित्तीय क्षेत्र

२०७७ असारसम्म वाणिज्य बैंकको उपस्थिति भएका स्थानीय तहको सङ्ख्या ७४७ रहेको छ। गत वर्षको असारसम्म यस्तो सङ्ख्या ७३५ रहेको थियो। २०७६ असारसम्म बैंक तथा वित्तीय संस्थाको शाखा सङ्ख्या ८,६८६ रहेकोमा २०७७ असारसम्ममा यस्तो सङ्ख्या १२.४ प्रतिशतले बढेर ९,७६५ पुगेको छ। वार्षिक विन्दुगत आधारमा २०७७ असारमसान्तमा बैंक तथा वित्तीय संस्थाबाट निजी क्षेत्रतर्फ प्रवाहित कर्जा १२.६ प्रतिशतले वृद्धि भई रु. ३२ खर्ब ७३ अर्ब ३८ करोड र बैंक तथा वित्तीय संस्थामा रहेको निक्षेप १८.७ प्रतिशतले वृद्धि भई रु. ३८ खर्ब ३९ अर्ब ७३ करोड पुगेको छ ।

## पूँजी बजार

वार्षिक विन्दुगत आधारमा २०७६ श्रावण मसान्तमा १२२४.०४ विन्दुमा रहेको नेप्से सूचकांक १३.७ प्रतिशतले बढेर २०७७ श्रावण मसान्तमा १३९१.४६ विन्दु कायम भएको छ। यस अवधिमा वार्षिक विन्दुगत आधारमा बजार पूँजीकरण १८.४ प्रतिशतले वृद्धि भई रु. १८ खर्ब ३६ अर्ब ७९ करोड रहेको छ। गत आर्थिक वर्षको सोही

अवधिमा यस्तो रकम रु. १५ खर्ब ५१ अर्ब ६० करोड रहेको थियो।

### समग्र मूल्य स्थिति

२०७६/७७ मा वार्षिक औसत मुद्रास्फिति ६.१५ प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्रास्फिति ४.६४ प्रतिशत रहेको थियो। त्यस्तै २०७७ असारमा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति ४.७८ प्रतिशत रहेको छ । २०७६ असारमा यस्तो मुद्रास्फीति ६.०२ प्रतिशत रहेको थियो ।

आर्थिक वर्ष २०७६/७७ मा खाद्य तथा पेय पदार्थ समूहको वार्षिक औसत मुद्रास्फीति ८.१६ प्रतिशत र गैर–खाद्य तथा सेवा समूहको वार्षिक औसत मुद्रास्फीति ४.६१ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्षमा उक्त समूहको मुद्रास्फीति क्रमशः ३.०९ प्रतिशत र ५.८६ प्रतिशत रहेको थियो ।

### बाह्य क्षेत्र

### वस्तु निकासी

आर्थिक वर्ष २०७७/७८ को श्रावण महिनामा कुल वस्तु निकासी गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ८.९ प्रतिशतले वृद्धि भई रु. ९ अर्ब ६२ करोड पुगेको छ। गत आर्थिक वर्षको श्रावण महिनामा कुल वस्तु निकासी रु. ८ अर्ब ८४ करोड रहेको थियो। चालु आ.ब.को श्रावण महिनामा अमेरिका तर्फ हुने निकासीमा वृद्धि भएको छ। यस अवधिको कुल निकासीमध्ये भारत, चीन, अमेरिका र अन्य देशहरूतर्फ भएको निकासीको अंश क्रमशः ६५.७ प्रतिशत, ०.६ प्रतिशत, १३.३ प्रतिशत र २०.५ प्रतिशत रहेको छ। अघिल्लो वर्ष यस्तो निकासी क्रमशः ६८.५ प्रतिशत, २.२ प्रतिशत, ११.५ प्रतिशत र १७.८ प्रतिशत रहेको थियो। यस वर्ष प्रशोधित भटमासको तेल, र चिया लगायतका वस्तुको निकासी बढेको छ।

**तालिका (ग) : श्रावण महिनामा निकासी भएका प्रमुख १० वस्तुहरु (मूल्य रु. करोडमा)**

| क्र.सं. | वस्तु | २०७६/७७ | २०७७/७८ | वृद्धि प्रतिशत |
|---|---|---|---|---|
| १ | भटमासको तेल प्रशोधित | ४५.०८ | २२७.०६ | ४०३.७ |
| २ | चिया | २४.७७ | ७८.६३ | २१७.४ |
| ३ | उनी गलैंचा कार्पेट | ५७.३१ | ६८.२९ | १९.२ |
| ४ | सेन्थेटिक यार्न | ७०.८९ | ५५.२५ | -२२.१ |
| ५ | तयारी कपडा | ५१.०३ | ४७.७७ | -६.४ |
| ६ | अलैची | ५९.५१ | ४७.६३ | -२०.० |
| ७ | जमोठ कपडा | २९.१० | ४१.५१ | ४२.६ |
| ८ | जुटका बुनिएका कपडा | २३.५९ | ३१.६२ | ३४.० |
| ९ | पश्मिनाको सल | १३.८९ | २६.०६ | ८७.६ |
| १० | अन्य | ५०८.४७ | ३३८.०४ | -३३.५ |

स्रोतः भन्सार विभाग ।

### वस्तु पैठारी

चालु आर्थिक वर्ष २०७७/७८ को श्रावण महिनामा कुल वस्तु पैठारी गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १९.६० प्रतिशतले कमी आई रु. ८५ अर्ब ८१ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा कुल वस्तु पैठारी रु. १ खर्ब ६ अर्ब ७२ करोड रहेको थियो। यस अवधिको को कुल पैठारीमध्ये भारत, चीन, अमेरिका र अन्य देशहरूतर्फ भएको पैठारीको अंश क्रमशः ६५.७ प्रतिशत, १३.० प्रतिशत, १.० प्रतिशत र २०.२ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्षमा यस्तो अनुपात क्रमशः ६३.५ प्रतिशत, १७.४ प्रतिशत, १.८ प्रतिशत र १७.३ प्रतिशत रहेको थियो। चालु आर्थिक वर्ष २०७७/७८ को श्रावण महिनामा मोवाइल टेलिफोन, भटमासको कच्चा तेल र चामल लगायतका वस्तुको आयात बढेको छ।

**तालिका (घ) : श्रावण महिनामा पैठारी भएका प्रमुख १० वस्तुहरु (मूल्य रु. करोडमा)**

| क्र.सं. | वस्तुको नाम | २०७६/७७ | २०७७/७८ | वृद्धि प्रतिशत |
|---|---|---|---|---|
| १ | मोवाइल सेट | २४१.४५ | ४२६.५ | ७६.६ |
| २ | भटमासको तेल कच्चा | १२५.७७ | २५६.२१ | १०३.७ |
| ३ | डिजेल | ७५८.४९ | २४५.५५ | -६७.६ |
| ४ | चामल | १२१.१८ | २३६.३४ | ९५.० |
| ५ | एमविलेट.एस. | ४३२.४८ | २३०.३९ | -४६.७ |
| ६ | एल पि ग्यास | २३५.३८ | १९७.१४ | -१६.२ |
| ७ | एचसिट.आर. | ३५९.७१ | १९२.८४ | -४६.४ |
| ८ | तयारी कपडा | २८६.४४ | १९२.१९ | -३२.९ |
| ९ | पेट्रोल | २८८.०३ | १७७.३३ | -३८.४ |
| १० | अन्य | ७८२३.३१ | ६४२६.३१ | -१७.९ |

स्रोतः भन्सार विभाग ।

### व्यापार सन्तुलन

आर्थिक वर्ष २०७७/७८ को श्रावण महिनाको कुल वस्तु व्यापार घाटा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा २२.१७ प्रतिशतले घटेर रु. ७६ अर्ब १९ करोड मा झरेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो वस्तु व्यापार घाटा रु. ९७ अर्ब ८९ करोड थियो। यस अवधिको कुल वस्तु व्यापारमा निर्यातको अंश १०.०८ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो अंश ७.६५ प्रतिशत रहेको थियो।

### सेवा व्यापार

आर्थिक वर्ष २०७६/७७ मा कुल सेवा आय गत वर्षको संशोधित सेवा आय रु. १ खर्ब ८६ अर्ब ३७ करोडको तुलनामा १६.१ प्रतिशतले कमी आई रु. १ खर्ब ५६ अर्ब ३५ करोड रहेको छ। साथै सेवा खर्चमा २३.० प्रतिशतले कमी आई रू. १ खर्ब ५५ अर्ब १३ करोड रहेको छ।

आर्थिक वर्ष २०७६/७७ मा खुद सेवा आय रू. १ अर्ब २२ करोडले बचतमा छ। अघिल्लो वर्ष खुद सेवा आय रू. १५ अर्ब २३ करोडले घाटामा रहेको थियो।

### विप्रेषण आप्रवाह

आर्थिक वर्ष २०७६/७७ मा विप्रेषण आप्रवाह गत आर्थिक वर्षको तुलनामा ०.५ प्रतिशतले कमी आई रु. ८ खर्ब ७५ अर्ब ३ करोड रहेको छ। गत आर्थिक वर्षमा यस्तो आप्रवाह रू. ८ खर्ब ७९ अर्ब २७ करोड रहेको थियो।


### चालु खाता एवम् शोधनान्तर स्थिति

आर्थिक वर्ष २०७६/७७ मा शोधनान्तर स्थिति रु. २ खर्ब ८२ अर्ब ४१ करोडले बचतमा रहेको छ। अघिल्लो आर्थिक वर्ष शोधनान्तर स्थिति रु. ६७ अर्ब ४० करोडले घाटामा रहेको थियो। त्यसैगरी आर्थिक वर्ष २०७६/७७ मा चालु खाता रु. ३२ अर्ब ६ करोडले घाटामा रहेको छ। अघिल्लो वर्ष यस्तो घाटा रु. २ खर्ब ६५ अर्ब ३६ करोड रहेको थियो।

### विदेशी विनिमय सञ्चिति

आर्थिक वर्ष २०७६/७७ को असारमसान्तसम्म विदेशी विनिमय सञ्चिति रु.१४ खर्ब १ अर्ब ८४ करोड पुगेको छ। अघिल्लो वर्ष यस्तो सञ्चिति रु. १० खर्ब ३८ अर्ब ९२ करोड रहेको थियो। आर्थिक वर्ष २०७६/७७ को कुल आयातलाई आधार मान्दा विदेशी विनिमय सञ्चितिले करिब १४.४ महिनाको वस्तु र करिब १२.७ महिनाको वस्तु तथा सेवाको आयात धान्न पर्याप्त रहने देखिन्छ।

चार्ट (घ) विगत ५ वर्षको विदेशी विनिमय सञ्चितिको स्थिति (रु.करोडमा)




स्रोत: नेपाल राष्ट्र बैंक ।

### विनिमय दर

२०७६ असार मसान्तको तुलनामा २०७७ असार मसान्तमा अमेरिकी डलरसँग नेपाली रुपैयाँ ९.१५ प्रतिशतले अवमूल्यन भई अमेरिकी डलर एकको खरिद विनिमय दर रु.१२०.३७ पुगेको छ । २०७६ असार मसान्तमा उक्त विनिमय दर रु.१०९.३६ रहेको थियो ।

### अन्य आर्थिक गतिविधि

#### कम्पनी दर्ता

आर्थिक वर्ष २०७६/७७ को श्रावण महिनामा दर्ता भएका कम्पनीको संख्या २,६८७ रहेकोमा चालु आर्थिक वर्षको श्रावण मसान्तमा यस्तो सङ्ख्या २.० प्रतिशतले घटेर २,६३२ रहेको छ।

#### बीमा

चालु आर्थिक वर्षको श्रावण महिनासम्ममा बीमाको दायरामा आएको जनसंख्या २१ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो जनसंख्या १९ प्रतिशत रहेको थियो। वैदेशिक रोजगार बीमालेख सहित यस्तो जनसंख्या २५ प्रतिशत पुगेको छ। २०७७/७८ को श्रावण मसान्तसम्म रु. १५ अर्ब ७५ करोड बराबरको बीमा प्रिमियम संकलन भएको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो रकम रु. १२ अर्ब ९४ करोड ८७ लाख रहेको थियो।

#### पर्यटक आगमन

सन् २०२० को अगस्ट महिनामा हवाई मार्गबाट नेपाल आउने पर्यटकको सङ्ख्या २ सय ६५ रहेको छ। सन् २०१९ को सोही अवधिमा यस्तो सङ्ख्या ६८ हजार ४ सय ८२ रहेको थियो। सन् २०१९ को अप्रिल देखि अगस्ट सम्ममा हवाई मार्गबाट नेपाल भित्रिने पर्यटकको संख्या ४ लाख २ हजार ९ रहेकोमा सन् २०२० को सोही अवधिमा यस्तो संख्या ९९.९ प्रतिशतले घटी ६ सय ३ रहेको छ। कोभिड-१९ को विश्वव्यापी महामारीको कारण आन्तरिक एवम् बाह्य आवागमनको लागि हवाई तथा स्थल यातायातका साधनहरू बन्द भएकोले यसको प्रत्यक्ष प्रभाव पर्यटक आगमनमा पर्दै आएको छ।

## नीतिगत तथा कानूनी राय परामर्श

- कर्जा सुरक्षण नियमावली, २०७५ को संशोधन, हेजिङ्ग सम्बन्धी नियमावली, २०७६ र पुनर्बीमा नीति स्वीकृतिका लागि नेपाल सरकार मन्त्रिपरिषदमा पेश भएको छ।
- निक्षेप तथा कर्जा सुरक्षण कोष कर्मचारी सेवा शर्त सम्बन्धी (पहिलो संशोधन) विनियमावली, २०७७, बीमा समितिबाट तयार गरी कोरोना बीमा मापदण्ड, २०७७, ग्रामीण स्वालम्बन कर्जा (पहिलो संशोधन) कार्यविधि, २०७७, नेपाल धितोपत्र बोर्डबाट प्राप्त सामूहिक लगानी कोष (चौथो संशोधन) नियमावली, २०७७, राष्ट्रिय बीमा संस्थानबाट प्राप्त बीमा अभिकर्ता तालिम कार्यविधि, २०७७, नेपाल रेल्वे कम्पनीमा चाहिने दक्ष विदेशी २६ जना जनशक्तिको पारिश्रमिक र रिक्त २२६ पदमा करारमा कर्मचारी लिन तयार पारिएको प्रस्तावित कार्यविधि, २०७७ (संशोधन सहित)र नेपाल धितोपत्र बोर्डबाट प्राप्त सामूहिक लगानी कोष (चौथो संशोधन) नियमावली, २०७७ मा स्वीकृति प्रदान गरिएको छ।
- सार्वजनिक वित्त व्यवस्थापन तालिम तथा अनुसन्धान केन्द्र कार्यविधि, २०७७ तर्जुमा गरिएको छ।
- नेपाल लेखापरीक्षण सेवा (गठन, श्रेणी विभाजन र नियुक्ति) नियमहरु, २०७७, कर्जा सुरक्षण (दोश्रो संशोधन) नियमावली, २०७७, सहुलियतपूर्ण कर्जाका लागि व्याज अनुदान सम्बन्धी एकीकृत (तेस्रो संशोधन) कार्यविधि, २०७७ र नवप्रवर्तन सुरुवाती पूँजी कर्जा प्रवाह कार्यविधि, २०७७ नियम, नियमावली, कार्यविधिहरु तर्जुमा सहमतिको लागि कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय पठाइएको छ। विभिन्न राजस्व छुटका सूचनाहरु सम्पादनको लागि कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

पठाइएको र उक्त मन्त्रालयबाट सम्पादन भई आएका विभिन्न सूचनाहरु प्रकाशन गर्न मुद्रण विभाग पठाइएको छ।

## मन्त्रालयका गतिविधिहरू

- **वैदेशिक सहायता सम्झौता**
  - नेपाल सरकार र विश्व बैंकबीच कोभिड-१९ पश्चात नेपालका आर्थिक गतिविधिलाई बढावा दिन नेपालको Strategic Road Connectivity and Trade Improvement Project को लागि ४५ करोड अमेरिकी डलर (करिब रु ५४ अर्ब) बराबरको सडक सहयोग आयोजनाको ऋण सम्झौता तथा Earthquake Housing Reconstruction Project (MDTF) को अनुदान सहायतामा क्रमशः मिति २०७७ श्रावण २ र श्रावण १६ गते हस्ताक्षर भएको छ।
  - नेपाल सरकार र जापान सरकारबीच School Sector Development Program को लागि जापानी येन ३०० मिलियन (करिब रु ३३५ मिलियन) बराबरको अनुदान सहायतामा मिति २०७७ श्रावण ९ मा हस्ताक्षर सम्पन्न भएको छ।
- माननीय अर्थ मन्त्रीको अध्यक्षतामा २०७७/०४/२२ मा बसेको उच्चस्तरीय वित्तीय क्षेत्र समन्वय समितिको बैठकले गरेका निर्णयहरु आवश्यक कार्यार्थ सम्बन्धित निकायहरुमा पठाइएको छ।
- मौद्रिक नीति, २०७७/७८ मा व्यवस्था भए बमोजिम बैंक तथा वित्तीय संस्थाहरुको संस्थागत सामाजिक उत्तरदायित्वमा आर्थिक वर्ष २०७६/७७ को असारसम्म खर्च हुन बाँकी रकम नेपाल सरकारले स्थापना गरेको कोरोना संक्रमण रोकथाम, नियन्त्रण र उपचार कोषमा जम्मा गर्नुपर्ने व्यवस्था अनुरुप नेपाल बैंक लिमिटेडले कोरोना संक्रमण रोकथाम, नियन्त्रण र उपचार कोषको लागि रु. ३ करोड ४६ लाखको चेक मिति २०७७ श्रावण २७ गते माननीय अर्थमन्त्री डा. युवराज खतिवडालाई हस्तान्तरण गरेको छ।
- आ.व. २०७७/७८ को बजेट कार्यान्वयनलाई प्रभावकारी बनाउन माननीय अर्थमन्त्रीज्यूको समुपस्थितिमा विषयगत मन्त्रालयका सचिव, योजना महाशाखा प्रमुख तथा अर्थ मन्त्रालयबीच सहजीकरण बैठक सम्पन्न भएको छ।
- आ.व. २०७७/७८ को नीति तथा कार्यक्रम र बजेट कार्यान्वयन कार्ययोजना तयार भएको छ ।
- अर्थ मन्त्रालयको आर्थिक बर्ष २०७६/७७ को वार्षिक प्रगति प्रतिवेदन तथा आर्थिक वर्ष २०७७/७८ को नीति तथा कार्यक्रम र बजेट कार्यान्वयन कार्ययोजना सम्बन्धी पुस्तक प्रकाशन गरिएको छ।
- माननीय मन्त्रीज्यू तथा मन्त्रालयका सचिवहरु तथा महालेखा नियन्त्रकबीच आ.व. २०७७/७८ को लागि कार्यसम्पादन सम्झौता भएको छ। साथै मन्त्रालयका सचिव तथा महाशाखा प्रमुख एवं विभागीय प्रमुखहरुबीच कार्यसम्पादन सम्झौता सम्पन्न भएको छ।
- मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठक तथा वार्षिक समीक्षा सम्पन्न भएको छ।
- सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत अवकाश कोष सञ्चालन गर्ने उद्देश्यले स्थापित कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष र सामाजिक सुरक्षा कोषको स्रोत व्यवस्थापन, लगानी क्षेत्र पहिचान तथा यी निकायका कार्यलाई परिपूरकको रुपमा विकास गर्नको लागि अन्तर्राष्ट्रिय अभ्यासको समेत अध्ययन गरी प्रतिवेदन पेश गर्न राजस्व सचिवको अध्यक्षतामा समिति गठन भई कार्य प्रारम्भ भएको छ।
- सूचनाको हक सम्बन्धी ऐन बमोजिम यस मन्त्रालयसंग सम्बन्धित त्रैमासिक विवरण (बैशाख, जेठ, असार) श्रावण महिनामा सार्वजनिकीकरण गरिएको छ।
- नेपालको संबिधानको धारा ५३ तथा सुशासन (सञ्चालन तथा व्यवस्थापन) ऐन बमोजिमको बार्षिक प्रतिवेदन तयार गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा पठाइएको छ।
- मू.अ.करमा दर्ता रहेका करदाताहरुको अभिलेख बायोमेट्रिक प्रणालीमा अद्यावधिक गर्ने कार्य २०७७ श्रावण १ देखि उपत्यका स्थित सबै कार्यालयबाट कार्यान्वयन गरिएको छ। श्रावण महिनामा ६८४९ करदाताको अभिलेख बायोमेट्रिक प्रणालीमा अद्यावधिक गरिएको छ।
- साविकको SITC Code लाई परिमार्जन गरी सबै किसिमका व्यवसायलाई समेट्न परिमार्जित व्यवसायिक संकेत नेपालस्तरीय औद्योगिक बर्गीकरण (Nepal Standard Industrial Classification -NSIC) तयार गरी २०७७ श्रावण १ देखि कार्यान्वयनमा ल्याइएको छ।

## अन्य गतिविधिहरू

- माननीय अर्थमन्त्री डा.युवराज खतिवडाको उपस्थितिमा विश्व आर्थिक मञ्च (World Economic Forum) का पदाधिकारी, दक्षिण एशियाली राष्ट्रका उच्च पदस्थ पदाधिकारी, निजी क्षेत्रका प्रतिनिधि, अर्थशास्त्री एवम् विश्व बैंकका पदाधिकारीबीच विश्वभर फैलिएको कोरोना भाईरस (कोभिड –१९) ले दक्षिण एशियाको पर्यटन क्षेत्रमा पारेको प्रभाव र सोलाई कम गर्ने उपाय बारे मिति २०७७ श्रावण १ गते भिडियो कन्फरेन्स मार्फत छलफल सम्पन्न भयो। माननीय अर्थमन्त्रीले कोभिड –१९ को असरबाट पर्यटन क्षेत्रलाई पुनर्स्थापित गर्न पर्यटक

आगमनका स्रोत मुलुकहरूमा विविधिकरण गरी पर्यटक आगमनलाई व्यस्थित र सुरक्षित बनाउने, पर्यटक आगमन संख्या र गुणस्तरसहित पर्यटन क्षेत्रको मूल्य अभिवृद्धि (Value Added) बढाउन तर्फ पनि ध्यान दिनु पर्ने र नयाँ पर्यटकीय गन्तव्यस्थलको पहिचान, विकास तथा पर्यटन उपजमा विविधिकरण गर्ने विषयमा जोड दिनु भयो। उहाँले अन्तर्राष्ट्रिय यातायातलाई कम खर्चिलो, सहज, सुरक्षित, गुणस्तरीय, र विश्वसनीय बनाउदै जानुपर्ने तथा क्षेत्रीय सहयोग र सहकार्यको रुपमा पर्यटन व्यवसायलाई एक अर्काको परिपुरकको रुपमा अघि बढाउन सकिने विश्वास व्यक्त गर्नुभयो।

माननीय अर्थमन्त्रीले कोभिड –१९ ले पर्यटन र यातायात क्षेत्रमा बढी असर गरेको उल्लेख गर्न हुँदै पर्यटन क्षेत्रको पुनरुत्थानको लागि नेपाल सरकारले गरेका प्रयास तथा अन्तर्राष्ट्रिय एवम् क्षेत्रीय सहयोग, साझेदारी र समन्वयका क्षेत्रमा गर्न सकिने प्रयासबारे समेत जानकारी गराउनु भयो।



माननीय अर्थमन्त्री डायुवराज खतिवडा . World Economic Forum को आयोजनामा कोभिड १९ ले दक्षिण एशियाको पर्यटन क्षेत्रमा–पारेको प्रभाव सम्बन्धी भिडियो कन्फरेन्समा सहभागी हुनुहुँदै।

साथै माननीय अर्थमन्त्रीले नेपालको सन्दर्भमा शुरुवाती चरणमा पदयात्रा र पर्वतारोहण जस्ता कम भीडभाड, न्यून जोखिमयुक्त र तुलनात्मक रुपमा सुरक्षित स्थानबाट पर्यटन व्यसाय प्रवर्द्धन गर्न उपयुक्त हुने धारणा राख्नुभयो। उक्त छलफलमा विश्व आर्थिकमञ्चका अध्यक्ष बर्जब्रेण्ड, भुटानका श्रम मन्त्री उग्गेन दोर्जी, बंगलादेशका विदेश राज्यमन्त्री मोहम्मद आलम, विश्व आर्थिक मञ्चका क्रिस्टोफ उल्फ लगायत अर्थशास्त्री एवम् निजी क्षेत्रका सहभागीले कोभिड १९– को कारण दक्षिण एशियाली राष्ट्रको पर्यटन क्षेत्रमा परेको असरलाई कम गर्न र पुनरुत्थानका लागि सबैको सामूहिक र एकीकृत प्रयास तथा समन्वय हुनु पर्ने कुरामा जोड दिनु भएको थियो।

- माननीय अर्थमन्त्री डा. युवराज खतिवडासँग नेपालका लागि युरोपियन युनियनका महामहिम राजदूत Ms. Veronica CODY ले मिति २०७७ श्रावण २ गते अर्थ मन्त्रालयमा शिष्टाचार बिदाई भेट गर्नु भयो ।

उक्त भेटमा माननीय अर्थमन्त्रीले युरोपियन युनियनले नेपालको आर्थिक विकासमा पुर्याएको महत्वपूर्ण सहयोगका लागि धन्यवाद दिदैं निरन्तर सहयोगका लागि अनुरोध गर्नुभयो। माननीय अर्थमन्त्रीले बहुध्रुवीय विश्व निर्माणमा युरोपियन युनियनले महत्व् पूर्ण वैकल्पिक राजनीतिक शक्तिको भूमिका निर्वाह गरेको बताउनुहुँदै नेपाल युरोपियन युनियनसँगको सहकार्यलाई थप उचाईमा लैजान इच्छुक रहेको र सवल युरोपको पक्षमा रहेको धारणा व्यक्त गर्नुभयो। उहाँले युरोपियन युनियनले नेपालको व्यापार, रोजगारी, लगानी, पर्यटन र आर्थिक पुर्नउत्थानमा योगदान बढाउन सक्ने विश्वास व्यक्त गर्दै नेपालले पाउने बजेट सहायताले नेपालप्रतिको विकास साझेदारको विश्वासलाई प्रतिविम्बित गरेको उल्लेख गर्नुभयो। आर्थिक/वित्तीय/श्रम लगायत हवाई यातायात, पर्यटन क्षेत्रमा नेपालले आफ्नो प्राथमिकता बढाएको र आर्थिक तथा वित्तीय उत्तरदायित्व सम्बन्धी कानूनी व्यवस्था गरी सुशासन, पारदर्शिता र सुधारप्रतिको प्रतिवद्धता सुदृढ रहेको तथ्य जानकारी गराउनु भयो।



माननीय अर्थमन्त्री डा. युवराज खतिवडा नेपालका लागि युरोपियन युनियनका महामहिम राजदूत Ms. Veronica CODY सँग शिष्टाचार भेट गर्नुहुँदै

महामहिम राजदूत कोडीले नेपालमा आफूले ३ बर्षको सफल कार्यकाल समापन पछि केन्द्रीय कार्यालयमा फर्कन लागेकोर यस अवधिमा नेपालले आफ्नो कार्य सम्पादनमा पुर्याएको महत्वपूर्ण सहयोग र हार्दिकतापूर्ण समन्वयका लागि धन्यवाद दिनुभयो ।

- माननीय अर्थमन्त्री डा. युवराज खतिवडाको संलग्नतामा Asian Infrastructure Investment Bank (AIIB) को Board of Governors को पाँचौं बैठक मिति २०७७ श्रावण १३ गते भिडियो कन्फरेन्समार्फत् सम्पन्न भयो। बैठकमा अर्थमन्त्री डा. खतिवडाले सर्बसम्मतले अध्यक्षमा पुनर्नियुक्त हुनु भएकोमा Mr. Jin Liqun बधाई दिनुका साथै एशियाली पूर्वाधार लगानी बैंकसंग सम्बद्ध सबैलाई उहाँहरूको अथक प्रयास र मेहनतको लागि धन्यवाद समेत दिनुभयो। सो अवसरमा माननीय अर्थमन्त्री डा. युवराज खतिवडाले नेपाल जस्तो अल्पविकसित राष्ट्रको लागि कोभिड-१९ बाट सिर्जित समस्या निवारण गर्न स्वास्थ्य बीमा र आर्थिक क्षेत्रको पुनरुत्थानलाई पहिलो प्रथमिकता दिनुपर्ने बताउनुभयो। साथै उहाँले पूर्वाधार परियोजनाको लागि वित्तीय

पहुँचको सुनिश्चितचतामा लचकता हुनुपर्ने बताउनुभयो।




माननीय अर्थमन्त्री डा युवराज खतिवडा Asian Infrastructure Investment Bank (AIIB) को Board of Governors को पाँचौं बैठकमा सहभागी हुनुहुँदै

- माननीय अर्थमन्त्री डा, युवराज खतिवडाले अव देशमै छ रोजगारी अभियानको २०७७ साल साउन १५ गते शुभारम्भ गर्नु भयो। यूके एड स्कील फर इम्प्लोइमेन्ट प्रोग्राम (सीप) र रोजगारी सर्भिस प्रा.लि.को पहलमा शुरु भएको यस कार्यक्रमको भर्चुअल कार्यक्रमबाट शुभारम्म गर्नुहुँदै माननीय अर्थमन्त्रीले श्रम बजारमा प्रवेश गर्ने युवाहरूको लागि आशा र रोजगारीका अवसर विस्तार गर्न यसले सहयोग गर्ने विश्वास लिनुभयो। मन्तव्यका क्रममा माननीय अर्थमन्त्रीले दिगो आर्थिक बृद्धि र विकासका लागि रोजगारी महत्वपूर्ण भएको उल्लेख गर्नुहुँदै उत्पादकत्व वृद्धि गर्न र मानिसहरूलाई सशक्त बनाउन सीपयुक्त रोजगारीको आवश्यकता औंल्याउनुभयो।




माननीय अर्थमन्त्री डा, युवराज खतिवडा अव देशमै छ रोजगारी अभियानको शुभारम्भ कार्यक्रममा प्रमुख अतिथिको रुपमा मन्तव्य राख्नुहुँदै।

माननीय अर्थमन्त्री डा, युवराज खतिवडा ले निजी क्षेत्र रोजगारी सिर्जना गर्ने प्रमुख क्षेत्र भएको उल्लेख गर्नुहुदै निजी क्षेत्रको प्रवर्द्धनका लागि संस्थागत, नियमन र पूर्वाधार संरचनामा सुधार गरेर व्यवसायिक लागत कम गर्न सरकारले जोड दिएको उल्लेख गर्नुभयो। उहाँले नवप्रवर्तन पूँजीको विस्तार गर्ने र अनौपचारिक आर्थिक गतिविधिहरूलाई औपचारिक बनाउनुपर्नेमा जोड दिनु भयो।

- माननीय अर्थमन्त्री डा. युवराज खतिवडा र नेपालका लागि बंगलादेश महामहिम राजदूत Ms. Mashfee Binte Shams बीच मिति २०७७ श्रावण २३ गते अर्थ मन्त्रालयमा शिष्टाचार भेट भयो। उक्त भेटमा माननीय अर्थमन्त्रीले नेपाल र बंगलादेश बीच ५ दशक भन्दा लामो सम्बन्ध भएको उल्लेख गर्नु हुँदै दुवै देश प्राकृतिक, मानव संशाधन लगायतका स्रोतबाट सम्पन्न भएकोले यसको उपयोगबाट द्रुत आर्थिक विकास गर्न सकिने विचार व्यक्त गर्नु भयो। माननीय अर्थमन्त्रीले नेपाल र बंगलादेशले अतिकम विकसित मुलुकको मञ्च, सहस्राब्दी विकास लक्ष्य र दिगो विकास लक्ष्य निर्माणको चरणमा सहकार्य गरेको स्मरण गर्नु हुँदै अन्तर्राष्ट्रिय र क्षेत्रीय सवालमा समान धारणा राख्ने राष्ट्र भएकोले सहकार्य हुनसक्ने साझा विषयमा हातेमालो गर्दै अगाडि बढ्नुपर्ने बताउनुभयो। उहाँले सार्कको माध्यमबाट क्षेत्रीय सहयोग तिव्र गतिमा अघि बढाउन भाषा र संस्कृति मिल्ने नेपाल, भारत, बंगलादेश र भुटान बीचको उपक्षेत्रीय इकाई महत्वपूर्ण हुनसक्ने बताउनुभयो।



माननीय अर्थमन्त्री डा. युवराज खतिवडा नेपालका लागि बंगलादेश महामहिम राजदूत क Ms. Mashfee Binte Shams सँग अर्थ मन्त्रालयमा शिष्टाचार भेट गर्नुहुँदै

उक्त भेटका अवसरमा महामहिम राजदुतले बंगलादेश नेपालसित क्षेत्रीय र अन्तर्राष्ट्रिय मञ्चमा संगै अघि बढ्ने प्रतिवद्धता व्यक्त गर्नुभयो। उहाँले दुई देशबीच व्यापार, उर्जा सहयोग, लगानी लगायतका क्षेत्रमा सहकार्य गर्न आवश्यक रहेको धारणा राख्दै सहुलियतपूर्ण र सौविध्य प्राप्त व्यापारको माध्यमबाट समृद्धिका लागि कार्य गर्न सकिने बताउनुभयो। वातावरणीय संवेदनशिलता सम्बन्धी मञ्च, कोलम्बो मञ्च, सगरमाथा सम्बाद जस्ता मञ्चको उपयोग गरी द्विपक्षीय हितमा कार्य गर्न अनुरोध गर्दै महामहिमले नेपाल बंगलादेश बीचको पाँच दशक लामो साझेदारी र सहकार्यलाई थप सुदृढ गर्न सकिने धारणा व्यक्त गर्नुभयो।

महामहिम राजदूतले नेपालमा ७ बर्षको सफल कार्यकाल समापन पछि बंगलादेशको विदेश मन्त्रालयमा फर्कन लागेको र यस अवधिमा नेपालले आफ्नो कार्य सम्पादनमा पुर्याएको महत्वपूर्ण सहयोग र हार्दिकतापूर्ण समन्वयका लागि धन्यवाद दिनुभयो।